मिति: २०७९/११/२० गते।
अपरान्ह ४:०० बजे।
**सूचना नं. ६**

सम्बन्धित सबै सङ्घ/सङ्गठन/समूहका उम्मेदवारहरू तथा स्वतन्त्र उम्मेदवारहरूका लागि

**विषयः उम्मेदवारी मनोनयन दर्ता गर्दा ध्यान दिनुपर्ने विषयबस्तुहरू सम्बन्धमा।**

यस क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको लागि मिति २०७९/११/२७ गतेका दिन हुने उम्मेदवारी मनोनयन दर्ता गर्दा देहायका विषयबस्तुहरूमा विशेष ध्यान दिनुहुन सूचित गरिन्छ।

१. प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता गर्दा

(१) उम्मेदवारी मनोनयन दर्ता फाराममा उम्मेदवारको हस्ताक्षर, पूरा नाम, उम्मेदवारी दिएको पद, मतदाता क्रमसङ्ख्या, जन्म मिति (वि.सं.मा), कक्षा रोल नं., तह/कक्षा, वर्ष/सेमिष्टर र सङ्काय स्पष्ट रुपमा खुलेको हुनु पर्ने छ।

(२) एक जना प्रस्तावकको हस्ताक्षर, पूरा नाम, मतदाता क्रमसङ्ख्या, कक्षा रोलनं., तह/कक्षा, वर्ष/सेमिष्टर र सङ्काय स्पष्ट रुपमा खुलेको हुनु पर्ने छ।

(३) एक जना समर्थकको हस्ताक्षर, पूरा नाम, मतदाता क्रमसङ्ख्या, कक्षा रोल नं., तह/कक्षा, वर्ष/सेमिष्टर र सङ्काय स्पष्ट रुपमा खुलेको हुनु पर्ने छ।

(४) दुई वा दुईभन्दा बढि सङ्घ/सङ्गठन/समुहहरू एक आपसमा मिलेर संयुक्त प्यालन भई उम्मेदवारी दिएमा ती सङ्घ/सङ्गठन/समूहको संयुक्त बैठकको आधिकारिक निर्णयको फोटोकपि र प्रत्येक सङ्घ/सङ्गठन/समूहको छुट्टाछुट्टै लेटरप्याडमा संयुक्त प्यानल बनाएको बेहोरा, उमेदवारको नाम, मतदाता क्रमसङ्ख्या, उम्मेदवारको पद, कक्षा/तह, रोल नं., सङ्काय र उक्त उम्मेदवारको सङ्घ/सङ्गठन/समूहको नाम समेत स्पष्ट खुलाउनु पर्नेछ।

(५) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ नागरिकता प्रमाणपत्रको सक्कल र नक्कल एक प्रति।

(६) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र नक्कल एक प्रति।

(७) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ उम्मेदवारी निर्णय गर्ने विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको आधिकारीक लेटरप्याडमा एकल वा सामूहिक नामसूची सहितको सक्कल सिफारिस पत्र। यस पत्रमा उक्त सङ्घ/सङ्गठन/समूहको छाप र प्रमुखको पूरा नाम, पद र हस्ताक्षर हुनु पर्ने छ। यसका लागि जतिजनाको नाम सिफारिस गर्ने हो तिनीहरूको पूरा नाम, उम्मेदवारी दिने पद, मतदाताक्रम सङ्ख्या, कक्षा/तह, रोल नं., सङ्काय र वर्ष/सेमिष्टर खुलाई सबैको नाम एउटै लेटरप्याडमा सिफारिस गर्न सकिने छ।

(८) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ सम्बन्धित विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको उम्मेदवारी सिफारिस गर्नका लागि बैठकले गरेको निर्णयको प्रतिलिपि। उक्त प्रतिलिपिमा सङ्घ/सङ्गठन/समूहको छाप लगाई सो सङ्घ/सङ्गठन/समूहका प्रमुखले हस्ताक्षर गरेको हुनु पर्ने छ।

२. समानुपातिक तर्फको उम्मेदवारी दर्ता गर्दा

(१) उम्मेदवारी मनोनयन दर्ता फाराममा उम्मेदवारको पूरा नाम, मतदाता क्रमसङ्ख्या, जन्ममिति (वि.सं. मा), कक्षा रोल नं., कक्षा/तह, वर्ष/सेमिष्टर र सङ्काय स्पष्ट खुलेको हुनु पर्दछ।

(२) उम्मेदवारी मनोनयन दर्ता फाराममा उम्मेदवारी सिफारिसकर्ता सङ्घ/सङ्गठन/समूहका प्रमुखको हस्ताक्षर, पूरा नाम, पद, सङ्घ/सङ्गठन/समूहको पूरा नाम, छोटकरी नाम र सङ्घ/सङ्गठन/समूहको छाप हुनुपर्नेछ।

(३) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ नागरिकता प्रमाणपत्रको सक्कल र नक्कल एक/एक प्रति।

(४) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ जन्ममिति खुलेको शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र नक्कल एक/एक प्रति।

(५) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ उम्मेदवारी निर्णय गर्ने विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको आधिकारीक लेटरप्याडमा समानुपातिक तर्फको एकल वा सामूहिक नामसूची सहितको सक्कल सिफारिस पत्र।

(६) उम्मेदवारी मनोनयन दर्ता फारामका साथ सम्बन्धित विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको समानुपातिक तर्फ उम्मेदवारी सिफारिस गर्नका लागि बैठकले गरेको निर्णयको प्रतिलिपि।

संयोजक

## ३. विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको **फाराम**

(१) उपलब्ध गराइएको विद्यार्थीका सङ्घ/सङ्गठन/समूहको फाराममा तोकीएका विषयबस्तुहरू स्पष्ट बुझिने गरी भर्नु पर्नेछ।

(२) उक्त फाराममा विद्यार्थी सङ्घ/सङ्गठन/समूहको पूरा नाम (नेपाली भाषामा), विद्यार्थी सङ्घ/सङ्गठन/समूहको छोटकरी नाम (नेपाली भाषामा), विद्यार्थी सङ्घ/सङ्गठन/समूहको पूरा नाम (अङ्ग्रेजी भाषामा), विद्यार्थी सङ्घ/सङ्गठन/समूहको छोटकरी नाम (अङ्ग्रेजी भाषामा) लेखिएको हुनु पर्नेछ।

(३) उक्त फाराममा विद्यार्थी सङ्घ/सङ्गठन/समूहका प्रमुखको हस्तक्षर, प्रमुखको पूरा नाम, पद, कमिटीको नाम र सङ्गठनको छाप हुनु पर्नेछ।

(४) उक्त फारामका साथ सङ्घ/सङ्गठन/समूहको लेटरप्याडमा फाराम बुझाइएको सम्बन्धमा भन्ने विषयको पत्र हुनु पर्नेछ।

सुकुना बहुमुखी क्याम्पस
इन्द्रपुरैंचा, नगरपालिका, मोरङ
स्था: २०४८
स्ववियु निर्वाचन समिति

संयोजक